# द टाइम्स माध्यमिक विद्यालय

कक्षा १२

विषय : अनिवार्य नेपाली

नमुना प्रश्न पत्रहरूः

## क) समीक्षात्मक वा लामो उत्तर दिनुहोस् (पूर्णाङ्क- ८)

१) एक चिहान उपन्यासका पात्र रञ्जनादेवी र नानीथकुँको चारित्रिक विशेषताहरू उल्लेख गर्नुहोस् ।

२) छिरिङको जीवन सङ्घर्षबाट के शिक्षा लिन सकिन्छ? समीक्षात्मक प्रतिक्रिया लेख्नुहोस् ।

(३) 'एक चिहान' उपन्यासमा समाजको कस्तो अवस्थाको चित्रण गरिएको छ, वर्णन गर्नुहोस् ।

(४) स्टिफन विलियम हकिङले मानवीय चेतनालाई नयाँ उचाइमा पुर्‍याउन गरेको योगदानको समीक्षा गर्नुहोस् ।

(५) "दृढ इच्छा शक्ति, ज्ञानशक्ति र क्रियाशक्तिका सामु शारीरिक रोग शक्तिहीन हुन्छ ।" यस भनाइलाई स्टिफन विलियम हकिङको जीवनीको आधारमा पुष्टि गर्नुहोस् ।

(६)'घनघस्याको उकालो कट्ता' नियात्रामा नियात्राकारले यात्राको क्रममा के-कस्ता अनुभूति बटुलेका छन्? नियात्राका आधारमा समीक्षात्मक प्रतिक्रिया लेख्नुहोस् ।

(७)आफ्नो दृढ सङ्कल्प पूरा गर्न मानिस जतिसुकै सङ्घर्ष गर्न पनि तयार हुन्छ भन्ने कुरा विरहिणी दमयन्ती कथाका आधारमा समीक्षात्मक प्रतिक्रिया लेख्नुहोस् ।

(८) नेपालको विकासमा सहकारीले कसरी सहयोग पुर्‍याएको छ ? उल्लेख गर्नुहोस् ।

(९) महिलाको लागि मातृत्व भनेको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो भन्ने कुरालाई मातृत्व कथामा कसरी पुष्टि गरिएको छ ?

(१०) 'प्रकृतिसँग जुध्नु नै जीवनको रमाइलो पक्ष हो' भन्ने कुरालाई घनघस्याको उकालो काट्ता नियात्रामा कसरी देखाइएको छ ? नियात्राका आधारमा समीक्षात्मक उत्तर लेख्नुहोस् ।

(११)'एक चिहान' उपन्यासका आधारमा शिवनारान, डाक्टर गोदत्तप्रसाद र रामखेलावन राउतको चरित्र चित्रण गर्नुहोस् ।

(१२)'आमाको सपना' कवितामा क्रान्तिलाई कसरी चित्रण गरिएको छ ? कविताको आधारमा समीक्षात्मक उत्तर लेख्नुहोस् ।

(१३)डाक्टर गोदत्तप्रसाद र सुरमान सुब्बाका चरित्रमा पाइने समानता के के हुन्, 'एक चिहान' उपन्यासका आधारमा लेख्नुहोस् ।

(१४) ‘एक चिहान’ उपन्यासमा हर्षनारान र पुतली तथा नानीथकुँ र रामखेलावन राउतका बिचको विवाहबाट उपन्यासले के सन्देश दिन खोजेको छ, स्पष्ट पार्नुहोस् ।

## ख) निबन्ध लेख्नुहोस् (पूर्णाङ्क -८)

(१)नेपालका सांस्कृतिक सम्पदा (२) सामाजिक सञ्जाल र युवावर्ग (३) मलाई मन पर्ने पुस्तक (४) मानव अधिकार र कर्तव्य, (५) मेरो देश : मेरो भविष्य, (६) कृत्रिम बुद्धिमत्ता (आर्टिफिसियल इन्टेलिजेन्स) (७) सिर्जनशीलता, (८) देश विकासमा युवावर्गको भूमिका -९) नयाँ पुस्ताबाट राज्यले गरेको अपेक्षा, (१०) अर्थतन्त्र नै देश विकासको मेरुदण्ड, (११) शान्ति, समृद्धि र विकास १२) सामाजिक सञ्जालको सदुपयोग १३) मैले चाहेको नेपाल १४) प्राविधिक शिक्षाको महत्त्व, १५) कृषिको वैज्ञानिकीकरण, १६) खाद्यान्नमा विषादीको प्रयोगले पार्ने असर,

## ग) छोटो उत्तर एवम् प्रतिक्रियात्मक उत्तर लेख्नुहोस् (पूर्णाङ्क-४)

१) आमाको सपना कवितामा आमा र छोराबिच केका बारेमा संवाद भएको छ? कविताका आधारमा लेख्नुहोस् ।

२) सहकारीले नेपालको विकासमा कसरी सहयोग पुऱ्याएको छ? चारवटा पक्ष उल्लेख गरी प्रस्ट पार्नुहोस् ।

(३) दमयन्तीले आफ्नो जीवनमा आइपरेका समस्याको समाधानका लागि कुन कुन उपाय अवलम्बन गरेकी छन् ?

(४) भौगोलिक अवस्था र सामाजिक परिवेशका दृष्टिले ’घनघस्याको उकालो काट्दा’ नियात्रा तपाईलाई कस्तो लाग्यो, प्रतिक्रिया दिनुहोस्।

(५) ’मातृत्व’ कथाकी पात्र ममताले सुबोधलाई छोडेर बाँकी जीवन सन्तानसँग बिताउन गरेको निर्णय तपाईलाई कस्तो लाग्यो, आफ्नो विचार प्रस्तुत गर्नुहोस्।

(६) ’घनघस्याको उकालो कट्ता’ नियात्रामा नियात्राकारले यात्राको कस्तो अनुभूतिलाई उल्लेख गर्न खोजेका हुन जस्तो लाग्छ? तपाईंको आफ्नो प्रतिक्रिया दिनुहोस् ।

(७) मरेपछि गरिने काजक्रिया र दानदक्षिणासम्बन्धी अष्टनारानको विचारसँग तपाईंको सहमति वा विमति के छ, तर्कसहित आफ्नो प्रतिक्रिया लेख्नुहोस् ।

(८) कम्प्युटरलाई सुरक्षित राख्न वा भाइरसमुक्त बनाउन त्यसमा एन्टिभाइरस इन्स्टल गर्नुपरे झैँ मानिसलाई भाइरसको सङ्क्रमण हुन

नदिन र सङ्क्रमित भइसकेको अवस्थामा त्यसबाट मुक्त बनाउन के गर्नुपर्ला, प्रतिक्रिया दिनुहोस् ।

(९) अहिलेका महिलाहरूले आफ्नो प्रेम प्राप्तिको लागि दमयन्तीले गरे जस्तै सङ्घर्ष गरेका छन् ? आफ्नो प्रतिक्रिया लेख्नुहोस् ।

(१०) 'एक चिहान' उपन्यासको अन्त्य तपाईँलाई ठिक वा बेठिक कस्तो लाग्यो ? यदि तपाइँ त्यसको लेखक हुनुभएको भए यसलाई कसरी अन्त्य गर्नुहुन्थ्यो, आफ्नो विचार लेख्नुहोस् ।

**ग) व्याख्या गर्नुहोस् (पूर्णाङ्क -४)**

१) आखिर सामाजिक प्रतिष्ठा पनि वैयक्तिक मर्यादा र महत्त्वका लागि नभइनहुने पक्ष हो ।

२) मर्नेपर्छ भने पनि पर पुगी मरौँ
नझुक्ने यो हिमालमा किन झुकी मरौँ

(३) हो, त्यो आउँछ त्यो बिहानको सूर्य मैं उज्यालो छर्दै आउँछ।

(४) नारी प्रेम र सङ्घर्षका प्रतिमूर्ति हुन् ।

(५) आफू मात्र धनी बन्ने काम कुनै ठुलो कुरा होइन, कुनै पुरुषार्थ होइन र त्यो त उद्यम पनि होइन । दुनियाँलाई ठगेर आफू धनी बन्ने काम उद्यम होइन, अधम हो ।

(६) हो, तिमी जन्मँदा तिम्रो कलिलो अनुहारमा
त्यसकै छाया देख्ने आशा गरेकी थिएँ
तिम्रो हिस्सी परेको हँसाइमा त्यसैको सुन्दर छवि

(७)यो हिउँ मेरो थियो, मेरो मुटुको थियो र हिमाली हार्दिकता बोकेको र चम्किलो थियो ।